खत्याड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामतडी, मुगु

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३

चलानी नं.

मिति : २०८३/०३/३२

ने.सं. ११४६ दिल्लाथ्व द्वितीय विहीवार

## सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली,२०८२ अनुसार (१) को उपनियम (९) अनुसार "**श्रावण १ देखि असोज मसान्त भित्र**" नवीकरणको लागी सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति स्वयं आफै उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्ने व्यवस्था भएको जानकारी गरिन्छ । खत्याड गाउँपालिका अन्तर्गतका सबै १ देखि ११ वडाहरुबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका सम्पूर्ण लाभग्राहीहरुले आ.व. २०८३/०८४ मा पनि सामाजिक सुरक्षा भत्ता पाउन योग्य लाभग्राहीहरुले आ-आफ्नो स्थायी ठेगानामा रहेको वडा कार्यालयमा गई **२०८३' श्रावण १ गते देखि असोज मसान्त भित्र** स्वयं व्यक्तिले राष्ट्रिय परिचयपत्र, बायोमेट्रिक सहित र पुर्ण अपाङ्गता, ९० वर्ष माथिका जेष्ठ नागरिक तथा बालवालिकाको हकमा माथवर वा संरक्षक उपस्थित भई आवश्यक कागजातहरु सहित सामाजिक सुरक्षा भत्ता नविकरण गर्न हुन सम्पूर्ण लाभग्राही तथा सरोकारवालाहरुमा जानकारी गरिन्छ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

**व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन**

Email : khatyad.gaupalika@gmail.com, ito.khatyadmun@gmail, khatyadversp@gmail.com